श्री
# सिन्धुपाल्चोक जिल्ला अदालत
चौतारा, सिंन्धुपाल्चोक।

कृपया पत्र व्यवहार गर्दा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नु होला ।

पत्र संख्या :- ०७७/०७८
चलानी नं. :-

Email-info.dcsindhupalchowk@supremecourt.gov.np
☎०११-६२०१०१

मितिः- २०७८/०१/२२

## सूचना ! सूचना !! सूचना !!!

विश्वव्यापी महामारीको रुपमा फैलिएको नोबेल कोरोना भाइरस (कोभिड-१९) को संक्रमणका कारण तोकिएका सेवाहरु मात्र सूचारु हुने भनि यस अदालतबाट मिति २०७८।१।१५ मा सूचना प्रकाशित भएकोमा संक्रमणको अवस्था झन जटिल भई सेवामा *थप संकुचन गर्नुपर्ने देखिएकोले* मिति २०७८।१।२३ गतेदेखि लागू हुने गरी अर्को सूचना जारी नहुदाँसम्म *देहाय बमोजिमका काम कारवाही मात्र सम्पादन गर्ने* गरी (वार ईकाईसमेतको सहमतिमा) यस अदालतबाट मिति २०७८/१/२२ मा निर्णय भएको हुँदा सम्बन्धीत सबै सरोकारवाला तथा सेवाग्राहीहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. म्याद थप, पक्राउ पूर्जी, कल डिटेल अनुमती (CDR) र जरुरी पक्राउपूर्जीको समर्थन सम्बन्धी कार्य,
२. अभियोगपत्र दर्ता, अभियोगपत्रसाथ पेश भएका र पक्राउ परी आएका फरार प्रतिवादीको बयान लिने र थुनछेक गर्ने,
३. बन्दी प्रत्यक्षीकरण सम्बन्धी निवेदन दर्ता तथा सुनुवाई गर्ने, सजाय निर्धारण गर्ने,
४. फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५५ अन्तर्गत कारागार मार्फत आएका निवेदन उपरको कार्वाही,
५. बालसुधार गृहमा रहेका बालबालिका जिम्मा लिने विषयसँग सम्बन्धीत निवेदनहरु हेर्ने,
६. उल्लेखित सेवा मध्ये **Video Conference** मार्फत गर्न सकिने काम कार्वाहिको हकमा सम्वन्धित निकायको समन्वयमा सोहि बमोजिम गर्ने।

*(नोटः- उल्लेखित सेवा बाहेक अन्य सेवाहरु स्थगन गरिएको । सेवा प्रवाह स्थगन भएको अवधिलाइ शून्य समय मानी सो अवधिमा मुद्दा, रिट तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद र तारेखसमेत गुज्रने छैन अन्य व्यवस्थापकिय पक्षहरु अदालत प्रशासनले मिलाउने छ ।)*

..........................
श्रेस्तेदार(उपसचिव)

श्रेस्तेदार
(उपसचिव